## राष्ट्रिय विकास समस्या समाधान समितिको ३२ औं बैठकबाट भएका निर्णयहरु

१. जग्गाप्राप्ती, मुआव्जा वितरण लगायतका मन्त्रालय अन्तर्गतका विकास आयोजनाका समस्याहरुको समाधान र अन्तरमन्त्रालय समन्वय समेत गर्न सम्बन्धित मन्त्रालयले सम्बन्धित महाशाखा प्रमुखको संयोजकत्वमा आयोजना कार्यान्वयन सहजीकरण समिति गठन गर्ने, सो समितिले समस्याको पहिचान र समस्या समाधानको लागि कार्य योजना वनाई कार्यान्वयन गर्ने । दुई वा दुई भन्दा वढी मन्त्रालय विच समन्वय आवश्यक पर्ने भए समस्या समाधानको वैकल्पिक उपाय र संलग्न निकायहरु उल्लेख गरी मुख्य सचिवको संयोजकत्वमा गठित आयोजना सहजीकरण समितिमा प्रस्ताव लैजाने । आफूले सम्पादन गरेको कार्यको प्रगति हरेक महिनाको पहिलो हप्ता प्रधानमन्त्री एवं मन्त्रीपरिषद्को कार्यालयको अनुगमन महाशाखा एवं राष्ट्रिय योजना आयोगको सचिवालय, अनुगमन तथा मूल्यांकन महाशाखामा दिने ।

२. वैदेशिक सहयोगवाट संचालित आयोजनाहरुको सोधभर्ना रकम लिन वांकी रहेका आयोजनाहरुले सोधभर्ना रकम यथाशीघ्र माग गर्ने र समयमा सोधभर्ना नमाग्ने कार्यालय प्रमुख र लेखा प्रमुखको विवरण तयार गरी प्रधानमन्त्री एवं मन्त्रीपरिषद्को कार्यालयको अनुगमन महाशाखा एवं राष्ट्रिय योजना आयोगको सचिवालय, अनुगमन तथा मूल्यांकन महाशाखामा दिने ।

३. निजामती सेवा ऐनको साविक दफा २४(घ)१ बमोजिम पदस्थापन भई नेपाल सरकारले मिति २०७०।११।२६ को निर्णय बमोजिम मिलान गर्नु पर्ने पद भए ७ दिन भित्र उक्त कार्य टुङ्ग्याई रमाना लिन अटेर गर्ने कर्मचारीलाई तुरुन्त विभागीय कारवाही थाल्ने । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस विषयमा दिएको निर्देशन समेत अख्तियारवालाले शीघ्र कार्यान्वयन गर्ने।

४. वैदेशिक सहायता स्वीकार गर्दा परामर्शदाता न्यूनतम संख्यामा राख्ने, ससाना छरिएका काममा सहायता नलिने र परामर्शदातालाई समेत उत्तरदायी वनाउने प्रणाली विकास गर्ने ।

५. Mobilization पेश्कीको विकल्प खोजी गरी विकास निर्माण सम्बद्ध मन्त्रालयले प्रस्ताव पेश गर्ने ।

६. नियमनकारी र गुणस्तर परीक्षण गर्ने निकायको क्षमता वढाउने गरी आगामी आ.व.को बजेट तथा कार्यक्रममा प्रस्तुत गर्ने ।

७. मुस्ताङ्गको मुक्तिनाथ जाने स्वदेशी तथा विदेशी श्रद्धालु भक्तजनहरु र त्यस क्षेत्रको भ्रमण गर्ने पर्यटकहरुले निर्वाधरुपमा (सवारी आवागमन) यात्रा गर्न नपाउने गरेकोले स्वदेशी तथा विदेशी पर्यटकहरुमा नकारात्मक सन्देश प्रवाहित भएको भन्ने सन्दर्भमा उक्त मार्गमा सवै सवारी साधन निर्वाधरुपमा संचालन गर्न पाउने व्यवस्थाका लागि गृह मन्त्रालयको सहयोग लिई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आवश्यक व्यवस्था २ महिना भित्र मिलाउने ।

८. जुम्ला जिल्लाको गुठीचौर स्थित भेडा तथा वाखा अनुसन्धान कार्यक्रमको जग्गामा गुठिचौर विकास समितिले अनधिकृत रुपमा प्रयोग गरेकोले अनुसन्धान कार्यक्रममा वाधा परेको भन्ने सन्दर्भमा कृषि विकास मन्त्रालयले संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको समेत सहयोग लिई २ महिनाभित्र टुंगो लगाउने ।

९. सहकारी बहुउद्देश्यीय बजारीकरण भवनको लागि कपनको करीव ३० रोपनी जमीन उपलब्ध गराउने भन्ने सम्बन्धमा सहकारी तथा गरिवी निवारण मन्त्रालयले प्रक्रिया पूरा गरी निर्णयका लागि पेश गर्ने।

१०. निजी क्षेत्रवाट माग भएको काठमाडौं उपत्यका भित्र व्यापार मेला र प्रदर्शनीका लागि जग्गा उपलब्ध गराउन वाणिज्य मन्त्रालयले अन्य निकायको समेत सहयोग लिई उपयुक्त विकल्पहरु खोजी निर्णयको लागि पेश गर्ने ।

११. पेट्रोलियम पदार्थको आयात, भण्डारण र विक्रि वितरणमा मूल्य र भुक्तानीका कारण निरन्तर बढेको घाटाको व्यवस्थापन सम्बन्धमा व्यवस्थापिका संसदमा गठन भएको समितिको निर्णय एवं निर्देशन प्राप्त भएपछि कार्य अघि वढाउने ।

१२. सिंचाइ आयोजनाहरुमा बन तथा निकुञ्ज क्षेत्रका नदिबाट निर्माण सामग्री संकलन सहज नभएको भन्ने सम्बन्धमा सिंचाइ, रक्षा, संघीय मामिला तथा स्थानीय विकास र वन तथा भू-संरक्षण मन्त्रालय वसी कुन आयोजनामा समस्या परेको हो यथाशीघ्र समाधान गर्ने ।

१३. हाल एउटा गा.वि.स.ले करिब ३५ लाख बराबरको विकास निर्माण कार्य गर्नुपर्ने स्थितिमा लेखाको काम गर्ने कर्मचारी नभएको हुदा योजना सञ्चालनमा अत्यन्तै कठिनाई भएको सम्बन्धमा संघीय मामिला तथा स्था.वि.मं.ले अध्ययन गर्ने । साथै विनियोजित रकम, जनसंख्या तथा क्षेत्रफल र गाविसको आन्तरिक आय आदिजस्ता आधारहरु कायम गरी चरणवद्ध रुपमा गा.वि.स.हरुमा लेखापालन सम्बन्धी दक्ष जनशक्ति पदस्थापना गर्दै जाने ।

१४. अलाइनमेन्टको विवादले गर्दा खोटाङ जिल्लामा नयाँ सडकको काम शुरु गर्न नसकिएको भन्ने सम्बन्धमा स्थानीय तहमा राजनीतिक दलहरुको समेत सहयोग लिई निर्माण कार्य यथाशीघ्र अघि बढाउने ।

१५. श्रम तथा रोजगार मन्त्रालय, महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय र राष्ट्रिय योजना आयोगको नयाँ भवन निर्माण गर्न शहरी विकास मन्त्रालयले उपलब्ध विकल्प पहिचान गरी टुंगो लगाउने ।

१६. बहुवर्षीय औषधि खरिद योजना अनुसार ३ वर्षको लागि टेन्डर मार्फत् खरिद गर्न दातृ निकाय (World Bank) बाट पछिल्ला दुई वर्षको प्रतिबद्धता नगर्ने भनी प्राप्त जानकारीको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस सम्बन्धी सहयोग प्राप्त नहुने अवस्थाका निम्ति अर्थ मन्त्रालयको सहयोग लिई विकल्पहरुको खोजी गर्ने ।

१७. शहरी क्षेत्रमा सौर्य उर्जा जडानको लागि अनुदान रकम न्यून भएको हुदा माग कम आएको भन्ने सन्दर्भमा रा.यो.आ. र अर्थ मन्त्रालयसंग समन्वय गरी विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले आवश्यक निर्णय प्रक्रिया अघि बढाउने । साथै यसमा नगरपालिकाले लागत साझेदारी

गर्ने विकल्पमा समेत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले आबश्यक ब्यबस्था मिलाउने ।

१८. आ.ब. २०७१।७२ लाई निरक्षरता उन्मूलन वर्ष घोषणा गर्न कार्यक्रम सहित शिक्षा मन्त्रालयले पहल अघि बढाउने ।